म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २८९ शुक्रबार, २२ जेठ २०८३ ने. सं. ११४६ अनलागा 5 June 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गौतमबुद्ध क्रिकेट रंगशालाको काम पुन: सुरु

हेटौँडा, २१ जेठ/यसअघि रोकिएको गौतमबुद्ध क्रिकेट रंगशालाको काम पुन: सुरु भएको छ । बागमती प्रदेश सरकारबाट बजेट निकासामा ढिलाइ भएकाले यसअघि भुक्तानी नपाएको भन्दै निर्माण कम्पनीले एक महिना निर्माण कार्य रोकेको थियो । बागमती प्रदेश सरकारबाट नौ करोड रुपैयाँ निकासा भएपछि निर्माणकार्य पुन: सञ्चालन भएको भरतपुर महानगरका इन्जिनियर आदर्श पोखरेलले जानकारी दिए । महानगरका डिभिजन इन्जिनियर सन्तोष आचार्यले निर्माण कम्पनीलाई बिलअनुसारको भुक्तानी भइसकेको बताए । रंगशालाको निर्माणको काम हिमालयन कालिञ्चोक बीबीआर जेभीले गर्दैछ । ठेक्का सम्झौताको म्याद आगामी २२ पुसमा सकिन्छ । हाल ५५ प्रतिशत काम पूरा भएको छ । २०८१ साल असारमा भरतपुर महानगरपालिका र निर्माण कम्पनीबीच २२ पुस २०८३ मा काम सक्ने गरी कुल ७५ करोड ५० लाख ९१ हजार १८९ रुपैयाँमा सम्झौता भएको थियो । धुर्मस-सुन्तली फाउन्डेसनले काम गर्न नसकेपछि महानगरपालिकाले बोलपत्रमार्फत काम थालेको थियो ।

### प्रदेश सांसद्को योजना आयोजना बैंकमा प्रविष्ट


# सांसदलाई ४ अर्ब ३२ करोड बाँड्दै बागमती सरकार

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रदेशसभा सदस्यले सिफारिस गर्ने योजनालाई पनि आयोजना बैंकमा प्रविष्ट गरेको छ ।

विगतमा सांसदका योजना सोझै बजेट सिलिङमार्फत् समावेश हुने गरेकोमा यसपाली सरकारले प्रक्रियागत ढंग पुऱ्याउँदै आयोजना बैंकबाट कार्यान्वयन गर्ने भएको हो । जसले गर्दा योजना जिल्लाजिल्लाबाट आउने विधि पालना हुने देखिएको विषयलाई सांसदले सकारात्मक बुझाइ राखेका छन् । नागरिकस्तरबाट प्राप्त भएका प्रस्ताव तथा सांसदहरुले सिफारिस गरेका योजनालाई सम्बन्धित मन्त्रालय मातहतका कार्यान्वयन इकाइलगायतले आयोजना बैंकमा प्रविष्ट (इन्ट्री) गर्नेछन् । आयोजना बैंकमा समावेश भएका योजनामध्येबाट सांसदले आफ्नो हिस्सामा परेको बजेट सीमाभित्र योजना छनोट गर्न पाउने व्यवस्था सरकारले मिलाएको हो ।

आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय र निकायहरु तथा प्रदेश नीति तथा योजना आयोगसँग छ । सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले सांसदलाई बजेट तोकेर योजना नबाँडिएको बताउँदै योजना छनोट गर्न भने दिइएको बताए । 'आफ्नो निर्वाचन क्षेत्रमा कुन योजना हाल्ने भनेर छनोट गर्नलाई अप्सन दिइएको छ । आयोजना बैंकबाट आएकोमा कुन बजेट हाल्दा हुन्छ भनेर




बजेटलाई सन्तुलित बनाउन छनोट गर्न दिइएको हो,' तामाङले भने । आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशसभा सदस्यलाई समयमै आयोजना प्रस्ताव पेसगर्न वैशाख २१ गतेसम्मको समय सीमा दिएर आह्वानसमेत गरेको थियो ।

'बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोटसम्बन्धी निर्देशिका, २०८३' कार्यान्वयनको क्रममा सांसदलाई सम्बन्धित कार्यान्वयन इकाइ कार्यालयमा आयोजना विवरण बुझाउन पत्राचार भएको हो । सांसदहरुले समय अपुग भएको गुनासो गरेपछि थप समय प्रदान गरिएको छ । सरकारले सांसदका योजनामा बजेटको सीमा पनि तोकेको छ । पूर्वाधारतर्फका योजनामा ३० लाखसम्म र अन्य योजनामा १५ लाखसम्मको बजेट सीमा तोकिएको छ । सरकारले सुरुमा ५० लाख र २० लाख सीमा तोकेको थियो । त्यसैगरी प्रदेश सरकारले १ सय ४ जना प्रदेश सांसदलाई ४ अर्ब भन्दा बढी बजेट बाँड्ने तयारी गरेको छ ।

सरकारले प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ राजनीतिक दलका प्रदेशसभामा कायम १०४ जना प्रदेशसभा सदस्यलाई ५ र ३ करोडका दरले बजेट बाँड्न लागेको हो । जसअनुसार सरकारले प्रत्यक्षतर्फका ६० सांसदलाई ५ करोडका दरले ३ अर्ब र समानुपातिक सांसदलाई ३ करोडका दरले १ अर्ब ३२ करोड रुपैयाँको बजेट बाँड्ने तयारी छ ।

प्रत्यक्षबाट निर्वाचित ६६ मध्ये ६० जना सांसद र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ४४ जना सांसदलाई ३ करोडका दरले बजेट बाँड्न लागेको हो । प्रदेशसभामा ११० जना सांसद रहेकोमा गत प्रतिनिधिसभा निर्वाचनमा भाग लिन ६ जना सांसदले राजीनामा दिएका थिए ।

एमालेका प्रकाश श्रेष्ठ र अमनकुमार मास्के, कांग्रेसका कुन्दनराज काफ्ले, नेकपाका युवराज दुलाल, बसन्त मानन्धर र राप्रपाका सुनिल केसीले राजीनामा दिएका थिए । यी सबै प्रत्यक्ष निर्वाचित सांसद हुन् । विगतका वर्षहरुमा पूर्वाधार विकास कार्यक्रम, निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा सांसदलाई बजेट दिइने गरिएको थियो । २०७८/७९ को बजेटमा 'प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम' लाई 'प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम'मा रुपान्तरण गरी सांसदलाई बजेट बाँडिएको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा 'प्रदेश विकास कार्यक्रम'मार्फत् प्रत्यक्ष सांसदलाई ३ र समानुपातिक सांसदलाई १ करोड बजेट छुट्याइएको थियो । यसमा पनि बजेट अपुग भएको भन्दै सांसदहरुले पटकपटक प्रदेशसभा सञ्चालनमा अप्ठेरो पार्दै आएका थिए । विगतका वर्षदेखि बजेटको विषयलाई लिएर सांसदहरु र सरकारबीच असमझदारी रहँदै आएपछि चालु आर्थिक वर्षको योजनामा सीधै बजेट दिन थालिएको थियो । बागमती प्रदेशसभामा कांग्रेसका ३६ र एमालेका २५ गरी सत्तापक्षका ६१ सांसद छन् । प्रतिपक्षतर्फ नेकपाको २६, राप्रपाका १२, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् ।

## वक्तृत्वकलामा भानु माविकी श्रद्धा प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/५४ औ विश्व वातावरण दिवसको अवसरमा हेटौंडा-६ चौघडास्थित रानी सामुदायिक वन उपभोक्ता समूहले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा भानु माध्यमिक विद्यालयकी श्रद्धा ल्वागुन प्रथम भएकी छन् ।

समूहले आयोजना गरेको वन डढेलो नियन्त्रणमा सामुदायिक वन समूहको भूमिका विषयक सामुदायिक तथा संस्थागत विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा सुनगाभा शिक्षा निकेतनकी प्रकृति लामिछाने मगर द्वितीय र भूटनदेवी माध्यमिक विद्यालयकी शारिका सुवेदी तृतीय भएका छन् । प्रतियोगितामा ६ वटा विद्यालयका ११ जना विद्यार्थीले भाग लिएका थिए । हेटौंडा-६ का वडासदस्य विजय पौडेलको प्रमुख आतिथ्यता एवम वन समूहका उपाध्यक्ष महेन्द्रकुमार श्रेष्ठको सभाध्यक्षतामा प्रतियोगिता भएको थियो ।

प्रतियोगितामा सामुदायिक वन उपभोक्ता महासंघ केन्द्रीय सदस्य रामहरि चौलागाई, शिक्षाविद रमेशप्रसाद लामिछाने र वन समूहका लेखासंयोजक राजकुमार फुँयालले निर्णायकको भूमिका निर्वाह रेका थिए । समूहकी सचिव अमुना सापकोटाले स्वागत गरेको कार्यक्रममा समूहका सल्लाहकार विष्णुप्रसाद न्यौपाने, चुच्चेखोला सामुदायिक वनका कार्यालय सचिव केदारप्रसाद गौतम, वन समूहका पदाधिकारी, कर्मचारी, उपभोक्ता लगायतको सहभागिता थियो ।

# सडकका घाइते कुकुरको सहारा बन्दै हेटौंडाका युवा

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ सडकमा अलपत्र परेका, दुर्घटनामा घाइते भएका तथा विभिन्न रोगबाट पीडित सामुदायिक कुकुरको उद्दार, उपचार र संरक्षणमा हेटौंडाका नौ युवा सक्रियरुपमा जुटेका छन् ।

व्यक्तिगत समय, श्रम र खर्च लगाएर उनीहरुले सडकमा कष्टकर जीवन बिताइरहेका कुकुरको उपचार तथा व्यवस्थापन गर्दै आएका छन् । 'हेटौंडा एनिमल एण्ड डग वेलफेयर क्लब' मार्फत हालसम्म तीन सयभन्दा बढी सामुदायिक कुकुरको उद्दार, उपचार तथा व्यवस्थापन गरिएको क्लबका अध्यक्ष सजल पौडेलले जानकारी दिएका छन् । नौ सदस्यीय टोलीमा पशुसम्बन्धी ज्ञान भएका सदस्य सहभागी छन् । क्लबले विशेषगरी सडक दुर्घटनामा परेका, सवारी साधनको ठक्करबाट घाइते भएका, छालासम्बन्धी रोगबाट ग्रसित तथा भोकमरी र अन्य समस्यामा परेका कुकुरको उद्दार गर्दै आएको छ ।



उपचारका लागि आवश्यक खर्च सदस्यहरुले आफैँ जुटाउने गरेका छन् भने सामाजिक सञ्जालमार्फत सहयोग संकलन गरेर पनि उपचार गराइँदै आएको छ । उद्दार गरिएका घाइते तथा बिरामी कुकुरलाई उपचार अवधिभर सुरक्षित रुपमा राख्ने उपयुक्त स्थानको अभाव रहेको छ । आश्रयस्थल नहुँदा कहिले आफ्नै घरको आँगनमा, कहिले सार्वजनिक खाली भवनमा त कहिले खुलास्थानमा राखेर उपचार गर्नुपर्ने बाध्यता रहेको क्लबका सदस्यहरु बताउँछन् । सडकमा भेटिने अधिकांश सामुदायिक कुकुर सवारी दुर्घटनाको सिकार हुने गरेको अध्यक्ष पौडेलको भनाइ छ । सवारीसाधनले ठक्कर दिएपछि चालकहरु घटनास्थलबाट भाग्ने गरेका कारण धेरै कुकुर कैयौं दिनसम्म सडकमै छटपटाइरहेको अवस्थामा भेटिने गरेको उनले बताए ।

नेपालको प्रचलित कानुनले पशुपन्छीमाथि क्रूर व्यवहार गर्न नहुने व्यवस्था गरेपनि सम्बन्धित निकायबाट प्रभावकारी कार्यान्वयन हुन नसकेको क्लबका सदस्यहरुको भनाइ छ । कुकुरलाई कुटपिट गर्ने, घाइते बनाउने वा सवारी दुर्घटनापछि भाग्ने व्यक्तिमाथि कडा कानूनी कारबाहीको व्यवस्था हुनुपर्ने उनीहरुको माग छ । सामुदायिक कुकुरको संरक्षण, उपचार, खोप, बन्ध्याकरण र व्यवस्थापनका लागि राज्यका तीनै तहका सरकारले छुट्टै बजेट विनियोजन गर्न आवश्यक रहेको क्लबकी कोषाध्यक्ष आश्रिती सेढाईले बताइन् । सामुदायिक कुकुरको संरक्षणलाई केवल पशु कल्याणसँग मात्र नभई सार्वजनिक स्वास्थ्य, सवारी दुर्घटनाको जोखिम न्यूनीकरण तथा सुरक्षित सहरी व्यवस्थापनसँग समेत जोडेर हेर्नुपर्ने उनले बताइन् ।

सामुदायिक कुकुरको उद्दार तथा उपचारमा सक्रिय युवालाई सहयोग पुग्ने गरी हेटौंडा उपमहानगरपालिकाले प्रयोगविहीन अवस्थामा रहेको हेटौंडा-१ स्थित खसीबजार भवनलाई सामुदायिक कुकुरको आश्रयस्थल (सेल्टर)का रुपमा उपलब्ध गराउने तयारी गरेको छ । यो भवनमा आश्रयस्थल सञ्चालनमा आएपछि घाइते तथा बिरामी कुकुरको उपचार र व्यवस्थापन थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । उपचारपछि आराम गर्नुपर्ने, नियमित औषधि सेवन गर्नुपर्ने तथा पूर्णरुपमा स्वस्थ भइनसकेका कुकुरलाई सुरक्षितरुपमा राख्न सकिनेछ ।






साझाकुरा

## हाम्रो कुरा

# चट्याङको जोखिममा मकवानपुर

चट्याङ प्राकृतिक प्रकोपमध्ये कम आँकलन गरिने तर, अत्यन्त घातक जोखिम हो । नेपालजस्तो भौगोलिक विविधता भएको मुलुकमा मनसुनसँगै चट्याङका घटना तीव्ररुपमा बढिरहेका छन् । विशेषत: मकवानपुर जिल्ला चट्याङजन्य प्रकोपको दृष्टिले उच्चजोखिममा रहेको तथ्यांकले देखाएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका अनुसार सन् २०१६ जुलाईदेखि २०२६ मे १३ सम्म २९६ मनसुनजन्य विपद्का घटनामा ८२ जनाको मृत्यु भएको छ, जसमध्ये ३६ जनाको मृत्यु चट्याङकै कारण भएको हो । यो तथ्यले चट्याङलाई अब 'सामान्य प्राकृतिक घटना' भनेर बेवास्ता गर्न नहुने स्पष्ट संकेत गर्दछ । मकवानपुरका स्थानीय तहगत विवरण झनै चिन्ताजनक छन् । चट्याङबाट सबैभन्दा बढी मृत्यु मकवानपुरगढी गाउँपालिकामा १३ जनाको भएको देखिन्छ । त्यसैगरी बकैया गाउँपालिका र मनहरी गाउँपालिकामा छ-छ जना, राक्सिराङ गाउँपालिकामा पाँच जना, हेटौंडा उपमहानगरपालिकामा तीन जना, बागमती गाउँपालिकामा दुई जना र कैलाश गाउँपालिकामा एक जनाको मृत्यु भएको अभिलेख छ । यी तथ्यांकले चट्याङको जोखिम समानरुपमा फैलिएको भएपनि केही भौगोलिक क्षेत्र विशेषरुपमा बढी संवेदनशील रहेको देखाउँछन् । चट्याङबाट हुने क्षतिको प्रमुख कारणमध्ये एक हो–पूर्वसूचनाको अभाव र जनचेतनाको कमी ।

ग्रामीण भेगमा कृषि, वनजंगल, खुलामैदान तथा पहाडी क्षेत्रमा काम गर्ने नागरिक बढी जोखिममा छन् । मौसम पूर्वानुमानको सामान्य जानकारी भएपनि चट्याङको ठ्याक्कै समय र स्थानबारे सूचना नहुँदा मानिसहरु सुरक्षित स्थानमा पुग्न पाउँदैनन् । यही कमजोरीलाई सम्बोधन गर्ने दिशामा मकवानपुरको राक्सिराङ गाउँपालिकाले चालेको कदम उदाहरणीय छ । चट्याङको प्रकोप बर्सेनि बढ्दै गएपछि राक्सिराङ गाउँपालिकामा चट्याङको पूर्वसूचना दिने प्रणाली जडान गरिएको छ । गाउँपालिका अध्यक्ष राजकुमार मल्लका अनुसार गतवर्ष वैशाख महिनामा पालिकाका विभिन्न स्थानमा पूर्वसूचना प्रणाली जडान गरिएको हो । यो प्रणालीले चट्याङको सम्भावना देखिनासाथ साइरन वा सूचनामार्फत् स्थानीयलाई सचेत गराउने व्यवस्था गरेको छ । समयमै सूचना पाउँदा मानिस घरभित्र सुरक्षित बस्न, खुलास्थान र अग्ला संरचनाबाट टाढा रहन तथा पशुचौपायालाई सुरक्षित स्थानमा सार्न सक्षम भएका छन् । पूर्वसूचना प्रणाली जडानसँगै स्थानीय तहले चालेका सचेतनामूलक अभियान पनि उत्तिकै महत्वपूर्ण छन् । चट्याङका बेला के गर्ने र के नगर्ने भन्नेबारे विद्यालय, समुदाय र कृषक समूहमा गरिएको अभिमुखीकरणले व्यवहारमा परिवर्तन ल्याएको देखिन्छ । पहिले केही हुँदैन भन्ने सोच राख्ने धेरै नागरिक अहिले आकाशमा बादल गर्जिनासाथ काम रोकेर सुरक्षितस्थान खोज्न थालेका छन् । यही व्यवहारगत परिवर्तन नै मानवीय क्षति न्यूनीकरणको मूल आधार हो । राक्सिराङको अनुभवले के प्रमाणित गरेको छ भने प्रविधि र जनचेतनाको संयोजनले प्राकृतिक प्रकोपबाट हुने क्षति उल्लेखनीयरुपमा घटाउन सकिन्छ । सीमित बजेट र दुर्गम भूगोलका बाबजुद स्थानीय सरकारले देखाएको अग्रसरता प्रशंसनीय छ ।

अब आवश्यकता छ–यो अभ्यासलाई मकवानपुरका अन्य उच्चजोखिमयुक्त स्थानीय तहमा विस्तार गर्ने । साथै, प्रदेश र संघीय सरकारले चट्याङ पूर्वसूचना प्रणालीलाई राष्ट्रिय विपद् व्यवस्थापन रणनीतिमा प्राथमिकताका साथ समेट्नुपर्छ । चट्याङजन्य प्रकोप पूर्णरुपमा रोक्न नसकिए पनि समयमै सूचना, सही योजना र सचेत नागरिकका माध्यमबाट मानवीय तथा भौतिक क्षति न्यूनतममा झार्न सकिन्छ । मकवानपुर, विशेषत: राक्सिराङ गाउँपालिकाको पहलले यही आशाको किरण देखाएको छ । अब यसलाई उदाहरणकारुपमा लिएर अन्य जिल्लाले पनि यस्तै प्रभावकारी कदम चाल्ने हो भने चट्याङ अब मृत्युको होइन, सतर्कताको संकेत मात्र बन्न सक्छ । राक्सिराङले ५० प्रतिशत अनुदानमा वडा नम्बर १ का २२ घरमा अर्थिङ जडान गरिदिएको छ । गाउँपालिकाले चट्याङजन्य प्रकोपबाट हुने जोखिम र मानवीय क्षति न्युनीकरणका लागि प्रभावकारी माध्यम अर्थिङ जडान भएको निष्कर्ष सहित अर्थिङ जडानमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिने गाउँपालिका अध्यक्ष मल्लले बताए । पिपुल इन निडको आर्थिक सहयोग र साउथ एसियन लाइटि्नङ नेटवर्कको प्राविधिक सहयोगमा चट्याङ पूर्वसूचना सेन्सरसहितको यन्त्र राक्सिराङ गाउँपालिकामा स्थापना गरिएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ २३ गते शनिबार ६ जुन २०२६ । षष्ठी, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:१० सूर्यास्त ६:५६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोगीको राम्रो साथ पाइनेछ | **तुला** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| **वृष** | : रोकिएका काम बन्ने योग छ | **वृश्चिक** | : समय उत्साहवर्द्धक छ |
| **मिथुन** | : लगानीको अवसर जुट्नेछ | **धनु** | : आम्दानी बढ्नेछ |
| **कर्कट** | : यात्रा अघि बढ्न सक्नेछ | **मकर** | : पितृधन लाभ हुनेछ |
| **सिंह** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | **कुम्भ** | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| **कन्या** | : छिमेकमा असमझदारी बढ्नेछ | **मीन** | : कृषिमा हानि हुनेछ |

# नयाँ बजेटमा कृषि: स्थानीय सरकारको असहमति र सुझाव



✍घनश्याम सुवेदी

नेपाल अझै पनि कृषिप्रधान देश हो । कृषिप्रधान भएको देशमा कृषिलाई पहिलो प्राथमिकता दिनुपर्थ्यो । नेपालमा धेरै दलले सरकार बनाए । किसान र मजदुरको पार्टी भनेर चिनिने दलले सरकारभन्दा बाहिर बस्दा एउटा कुरा गर्ने र सरकारमा गएपछि अर्को कुरा गर्ने गर्दै आए । तर, कृषि क्षेत्रका सुधारका लागि भने कसैले जोड दिएनन् । सरकारमा बसेका राजनीतिक पार्टीले सरकारमा हुँदा पनि कृषि क्षेत्रको अवस्था सुधार गर्न भने कहिल्यै अगाडि सरेनन् ।

रासायनिक मलले देशको खेतीयोग्य जमिन अम्लियपन भएर कृषि उत्पादन घट्दो छ । तर, त्यही रासायनिक मलमै भुलेर नेपालको पशुपालन गर्न छाड्ने नेपालको माटो बिगार्दै उत्पादन घटाउने विदेशी खाद्यवस्तु खरिद गरी ल्याउने, उद्योगधन्दा विकास गर्न स्वदेशी उत्पादन बेवास्ता गर्ने, विदेशी उत्पादन नेपाल ल्याउने व्यापारीलाई व्यापार गर्न सहज वातावरण खडा गरिदिने जस्ता काम गर्न छाडेनन् ।

कृषि क्षेत्रकै कुरा गर्ने हो भने पनि नेपाली उद्यमीलाई निरुत्साहित गरिरहने । दलाल र नोकरशाही प्रकारका पूाजीपतिहरूलाई प्रोत्साहन दिइरहने । स्वदेशी उद्योग र व्यापार कमजोर बनाउने । विदेशी वस्तु भित्र्याउन अनेक प्रपञ्च रचेर उद्यमीलाई निरुत्साहित बनाउने जस्ता कार्य कृषि क्षेत्रमा भइरहेका छन् । त्यतिमात्र होइन, नेपालको हावापानी विश्वकै राम्रो हावापानी मानिन्छ । तर, केही दशकदेखि कृषि उत्पादन बढाउने नाममा खर्बौंको रासायनिक विषादी र विदेशी बिउबिजन भित्र्याउँदा नेपालको खाद्य सम्प्रभुतामा ठूलो घात भएको छ ।

खाद्य सम्प्रभुता कार्यान्वयन खिलाफमा नेपालको बजेट आएको छ । कृषिको क्षेत्र विशाल छ । अरू देशले विदेशमा समेत व्यापार गर्न सक्छन् भने नेपालले किन सक्दैन ? नेपालको चिया, कफी, अलैंची लगायत केही सीमित उत्पादन बाहेक विदेशमा नेपालको उत्पादन पुग्दैन । अथाह सम्भावना हुँदाहुँदै कृषिमा केही नदेखेर १० अर्ब कम गरेर बजेट घटाएको हो कि भन्ने भान आज पर्न गएको छ । सरकारले कृषि बजेट आकार ठूलो बनाउँदा केही फरक पर्दैन । नपुग भएको स्थानान्तरण गर्न सकिन्छ । तर, थोरै भयो भने कहाँबाट ल्याउने कसरी पूरा गर्ने भन्ने हुन्छ । बजेट बढी भयो भने अन्य शीर्षकमा रकमान्तर गर्न सकिन्छ । बढी हुँदा केही फरक पर्दैन । बजेटको आकार सानो भयो भने छुट्याएको बजेटको घेराभित्र रहेर काम गर्नुपर्छ । अरू बजेटको विषयभन्दा पनि कृषिमा छुट्याउने बजेटको आधार ठूलो बनाउन जरुरी छ ।

विदेशी धूलो दूध ल्याएर उपभोक्तालाई घोलेर खुवाउने र बिचौलियाको काम गर्ने सीमित पूँजीपति व्यापारी घरानालाई खुसी पार्ने काम बजेटको रूपरेखा बन्न लागेको हो कि भन्ने आभास भएको छ । आफ्नो पार्टीका सरकार सत्तामा हुँदा र सत्ता बाहिर आएपछि रङ बदल्ने प्रवृत्ति कृषिमा हुनु हुँदैन । कृषि भनेको सबैको सास धान्ने र आशा जगाउने माध्यम हो । एकछिन पनि कोही भोको बस्न सक्दैन ।

सरकारले आयात प्रतिस्थापन गर्न स्वदेशी उत्पादन बढाउनैपर्छ । हाम्रो देशमा सबैभन्दा बढी सम्भावना बोकेको क्षेत्र भनेको कृषि नै हो । अर्बौंको खाद्यवस्तु आयात भइरहेको अवस्थामा प्रतिस्थापन गर्न पनि त्यति नै बराबरको उत्पादन स्वदेशमा गर्नैपर्छ । अनिमात्र प्रतिस्थापन भयो भनेर बुझिन्छ । नेपालको अर्थ विज्ञ भनेर चिनिएका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले कृषि क्षेत्रको बजेट के आधार देखेर घटाउनुभयो ? थाहा छैन । तर, हिजोको परम्परा हेर्दा पनि नेपाल सरकारले गत आर्थिक वर्षको बजेटभन्दा अझ बढाउनुपर्ने हो । घटाएर आएको छ । यसमा सरकारले कृषि बजेट घढाउने गरी सच्याउनुपर्छ ।

नेपालको कृषिलाई कसैले पनि प्राथमिकता दिएको देखिँदैन । नेपाल सरकारका तर्फबाट हालै संघीय संसद्मा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यप्रति स्थानीय सरकारहरू गम्भीर भएको देखिन्छ । देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा २५ प्रतिशतभन्दा बढी योगदान दिने र ६० प्रतिशतभन्दा बढी जनसंख्या आश्रित रहेको कृषि क्षेत्रका लागि वर्तमान बजेटमा सम्बोधन नहुने स्थिति आउनु कृषिलाई गम्भीर धक्का पुग्नु हो । कृषि क्षेत्रको बजेटलाई उपेक्षा गरेर उत्पादनका स्रोत संकुचित गर्न खोजेको देखिन्छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि विनियोजित कुल ४६ अर्ब ९२ करोडको अंक बाहिरबाट हेर्दा ठूलो देखिए पनि यसको भित्री वित्तीय यथार्थ र प्राथमिकताले मुलुकको कृषि रूपान्तरण र आत्मनिर्भरताको नारालाई नै असफल बनाउने निश्चित छ ।

### वर्तमान कृषि बजेटमा स्थानीय सरकारको गम्भीर असहमति र विश्लेषण

### कृषि बजेटमा चरम संकुचन र संघीयताको मर्म विपरीत

गत आवको तुलनामा कृषि बजेट करिब साढे १० अर्ब रुपैयाँले कटौती गरिएको छ । संविधानले कृषि प्रसार र स्थानीय कृषिको पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई सुम्पिएको छ । तर, संघीय सरकारले स्थानीय तहमा जाने कृषिको ससर्त, समपूरक र विशेष बजेटमा व्यापक कटौती गरी बजेटलाई केन्द्रमै थुपारेको छ ।

### ०.३ प्रतिशत बजेटले कृषि क्रान्तिको गफ

कुल कृषि बजेटको सिंहभाग अर्थात् ३२ अर्ब ४६ करोड रासायनिक मल आयातमा मात्रै खर्च गर्न सकिन्छ । यसमा मन्त्रालयको प्रशासनिक खर्चसमेत जोड्दा कुल बजेटको करिब १.९ प्रतिशत हिस्सा खर्च भइसक्छ । वास्तविक उत्पादन वृद्धि, आधुनिक प्रविधि र साना किसानलाई प्रोत्साहन गर्न जम्मा ०.३ प्रतिशतमात्र बजेट बाँकी रहन्छ । यति न्यून रकमले कृषि रूपान्तरण र आर्थिक वृद्धिमा सहयोग पुग्दैन ।

### सहकारीको पूँजी परिचालनमा नीतिगत शून्यता

गाउँ-गाउँमा छरिएर रहेको र सोझै किसानहरूसँग जोडिएको सहकारी क्षेत्रको अर्बौंको पूँजीलाई कृषि उत्पादन, संकलन र प्रशोधनमा जोड्ने कुनै पनि स्पष्ट योजना वा ठोस प्रस्ताव यस बजेटमा देखिँदैन । सहकारीलाई उपेक्षा गरेर कृषिमा समृद्धि असम्भव छ ।

### कृषि बिजुलीमा भ्याट, साना किसानलाई ठूलो घात

तराई तथा भित्री मधेसका साना र सीमान्तकृत किसानहरू सिँचाइका लागि पूर्णरूपमा विद्युत् मोटरमा निर्भर छन् । यो बजेटले कृषि मिटर र कृषि क्षेत्रमा प्रयोग हुने विद्युत्मा थप भ्याट (मूल्य अभिवृद्धि कर) वा करको दायरा बढाएर लागत महँगो बनाइदिएको छ । यसले लागत घटाइ आयात प्रतिस्थापन गर्ने सरकारी नीतिकै उपहास गरेको छ र किसानलाई आहत दिएको छ ।

### गलत अनुदान मोडेल

न्यूनतम २ करोड लगानी गर्ने ठूला व्यापारिक घरानालाई ४० प्रतिशतसम्म अनुदान दिने नीति ल्याएर बजेटले वास्तविक र साना किसानलाई पाखा लगाउन खोजेको देखिन्छ, जसले गाउँका युवाहरूलाई थप निरुत्साहित गरी खाडी मुलुक पलायन हुन बाध्य पार्ने छ ।

### संघीय सरकारलाई स्थानीय सरकारका बुँदागत सुझाव

संघीय बजेटका यी नीतिगत र व्यावहारिक त्रुटि सच्याउँदै कृषिमार्फत देशभित्रै सम्मानजनक रोजगारी सिर्जना गर्न र राष्ट्रिय अर्थतन्त्र बलियो बनाउन संसद्बाट बजेट पारित हुनु अगावै निम्नलिखित माग र सुझाव सम्बोधन गरिनुपर्दछ ।

### कृषि विद्युतमा थपिएको कर तत्काल हटाइनुपर्छ

तराई तथा देशैभरिका साना किसानले सिँचाइका लागि प्रयोग गर्ने कृषि मिटरको महसुलमा लगाइएको थप भ्याट वा कर तत्काल खारेज गरी कृषि बिजुली पूर्णरूपमा नि:शुल्क वा अत्यधिक सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गर्न सकेन भने अन्न भण्डार तराई मरुभूमिमा परिणत हुने सम्भावना नकार्न सकिँदैन । त्यसकारण किसानलाई मर्का पर्ने करहरू तत्काल खारेज गर्न आवश्यक छ ।

उत्पादनमा आधारित अनुदान आजको आवश्यकता हो । किसानले उत्पादन गरेपछि खाएर बाँकी रहेको कृषि उपज बेच्न मन लाग्यो भने बेच्न पाउने अधिकार सहित व्यवस्था हुनुपर्छ । यदि त्यसो गर्न सकिएन भने किसान किन धेरै दु:ख गर्ने भन्ने अवस्थामा पुग्न सक्छन् र सोही कारण नेपाली जनता भोकभोकै रहने अवस्था आउन सक्छ । आजसम्म धेरै अनुदान पारदर्शी र बिचौलिया रहित बन्न सकेन, त्यसकारण पनि नेपालको कृषिले गति नलिएको हो ।

उत्पादनको परिमाण (जस्तै: प्रतिकिलो धान, गहुँ, तरकारी वा प्रतिलिटर दूध) का आधारमा सिधै किसानको बैंक खातामा पुग्ने गरी 'उत्पादनमा आधारित अनुदान' अनिवार्य लागु गर्न सकियो भने देशको उत्पादन बढ्छ तर कडाइसाथ अनुगमन जरुरी छ । सहकारीको पूँजी उत्पादनमा जोड्ने कार्यविधिमा सरकारको सहयोग जरुरी छ । 'एक सहकारी, एक उत्पादन क्षेत्र' नीति लागु गर्दै स्थानीय कृषि सहकारीलाई साना कृषि औजार, शीतभण्डार र बिउबिजन खरिदमा विनाब्याज वा न्यून ब्याजमा वित्तीय ऋण र पूँजीगत अनुदान दिने स्पष्ट योजना आउनुपर्छ ।

किसानले मूल्य नपाउने तर उपभोक्ताले महँगोमा खानुपर्ने विकृति रोक्न संघीय सरकारले 'डिजिटल कृषि बजार नेटवर्क'' निर्माण गर्न स्थानीय तहको संकलन केन्द्रदेखि राष्ट्रिय बजारसम्म कृषि उपज पुर्‍याउन र भण्डारण गरि राख्न शीतभण्डार सबैभन्दा ठूलो आवश्यकताको महसुस गराएको छ । शीत भण्डार अभावमा नेपालको कृषि उत्पादनलाई लामो समयसम्म राख्न नपाउँदा लागत मूल्य पाउन नसकिएको अवस्था छ ।

### तीन तहको सरकारबीच नीतिगत समन्वय

कृषि क्षेत्र विकासका लागि संघले नीति र बजेट बनाउने, प्रदेशले प्राविधिक र बजारपूर्वाधार हेर्ने तथा स्थानीय सरकारले कार्यान्वयन र अनुगमन गर्ने गरी 'त्रिपक्षीय साझेदारी कार्यविधि' बनाएर कार्यान्वयनमा जोड दिनुको विकल्प छैन । बजेट केवल अंकको थुप्रोमात्र होइन, यो आमजनताको जीवनस्तर बदल्ने राजनीतिक र आर्थिक प्रतिबद्धता पनि हो । वर्तमान बजेटले कृषि क्षेत्र र साना किसानको ढाड सेक्ने काम गरेको छ । ०.३ प्रतिशतको खुद बजेट र कृषि बिजुलीमाथिको करले न त देशभित्र रोजगारी सिर्जना हुन्छ, न त युवाको खाडी पलायन नै रोकिन्छ ।

अत: संघीय सरकारले बेलैमा यी जनविरोधी र किसानविरोधी व्यवस्था सच्याउनु पर्छ । संघीय सरकारले बजेट खुम्च्याएको छ । संघीय सरकारबाट प्रस्तुत बजेट पुनर्लेखन हुन सकेन भने जनताप्रति न्याय हुन सक्दैन । यसले झन गरिबी, अभाव, द्वन्द्व निम्त्याउँछ । र, स्थानीय सरकारलाई निश्चय नै भार पार्ने संकेत देखिइसकेको छ । तर, पनि स्थानीय सरकार जनताको जिम्मेवारीबाट पन्छिन हुँदैन । अझ दृढतासाथ आफ्नो जिम्मेवारी निभाउनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# विचारको संक्रमण र दिशाहीन समाजको अग्निपरीक्षा

✍सुमन सिंह

एक्काइसौं शताब्दीको तेस्रो दशकसम्म आइपुग्दा मानव सभ्यता एउटा अभूतपूर्व र जटिल मोडमा पुगेको छ । आजको विश्वलाई सञ्चालन गर्ने प्रमुख कडी भूगोल, सैन्य शक्ति वा परम्परागत पुँजी मात्र होइन, बरु 'सूचना' र त्यसलाई नियन्त्रण गर्ने 'एल्गोरिदम' बन्न पुगेको छ । विज्ञान र प्रविधिको विकासले मानिसलाई थुप्रै सुविधाहरू त दिएको छ, तर यसले पैदा गरेको 'सूचना क्रान्ति' ले आज विश्वको अर्थतन्त्र, राजनीति, संस्कृति र मानव चेतनाका बहुआयामिक पक्षहरूलाई आफ्नो कब्जामा लिँदै गइरहेको छ । यो क्रान्ति यति तीव्र छ कि यसले पुराना सामाजिक संरचनाहरूलाई भत्काइदिएको छ, तर नयाँ, भरपर्दो र न्यायसंगत संरचनाको निर्माण गर्न भने सकेको छैन ।

यसको परिणामस्वरूप आज संसार भरि नै एउटा गम्भीर वैचारिक, सांस्कृतिक र नैतिक संकट देखा परेको छ । सूचनाको बाढी त छ, तर सँगै ज्ञानको खडेरी पनि पैदा भएको छ । सञ्चारका माध्यमहरू तीव्र छन्, तर मानिसहरूबीचको वास्तविक संवाद र मानवीय संवेदना हराउँदै गइरहेको स्पष्ट देखिन्छ । यो अवस्थालाई गम्भीरतापूर्वक नबुझी आजको राजनीतिक र सामाजिक आन्दोलनलाई अगाडि बढाउन असम्भवप्राय: भएको छ ।

### ऐतिहासिक सन्दर्भ र हरारीको "नेक्सस"

सूचना क्रान्तिको यो गहिराइ र यसका चुनौतीहरूलाई बुझ्नका लागि इतिहासकार युवल नोहा हरारीले आफ्नो पछिल्लो कृति 'नेक्सस' र 'सेपियन्स' मा अगाडि सारेका विचारहरू निकै सान्दर्भिक र मननीय छन् । हरारीका अनुसार, मानव जातिको इतिहास वास्तवमा सूचना नेटवर्ककै इतिहास हो । करिब ७० हजार वर्षअघिको संज्ञानात्मक क्रान्तिबाट सुरु भएको मानव भाषाको विकासले मानिसलाई साझा मिथक र कथाहरू निर्माण गर्ने क्षमता दियो, जसकै जगमा ठूला साम्राज्य र धर्महरू खडा भए । सत्रौं शताब्दीको छापाखानाको आविष्कारले सूचनालाई विकेन्द्रित गर्‍यो, तर सँगसँगै भ्रम र अन्धविश्वास पनि फैलायो । उन्नाइसौं र बीसौं शताब्दीको आमसञ्चारले रेडियो र पत्रिकामार्फत सूचनालाई केन्द्रीकृत गर्‍यो, जसलाई तत्कालीन समयमा एडोल्फ हिटलर र नाजी शासकहरूले आफ्नो प्रचारबाजीका लागि चरम दुरुपयोग गरेर एउटा सिङ्गो सभ्य समाजलाई नरसंहारको बाटोमा डोर्‍याए ।

आज २१ औं शताब्दीमा आइपुग्दा सूचना क्रान्ति एउटा यस्तो खतरनाक बिन्दुमा पुगेको छ, जहाँ इतिहासमै पहिलो पटक 'निर्णय गर्ने क्षमता' मानिसको हातबाट फुत्केर गैर-मानवीय एजेन्ट अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' र 'एल्गोरिदम' को हातमा जाँदैछ । हरारीले जोड दिएका छन् कि सूचना भनेको सधैं 'सत्य' वा 'ज्ञान' होइन । जब सूचनाको माध्यम सत्यको खोजी र मानवीय हितभन्दा टाढा जान्छ, यसले विनाश निम्त्याउँछ । आजको कर्पोरेट पुँजीवादले एल्गोरिदमलाई सत्य उजागर गर्नका लागि होइन, बरु मानिसको ध्यान खिच्न र समाजमा आक्रोश, घृणा एवं भ्रम फैलाएर मुनाफा कमाउनका लागि प्रयोग गरिरहेको छ ।

### मानवीय मूल्यमाथि प्रहार र अधिनायकवादको नयाँ खतरा

आजको सूचना क्रान्तिमा हिटलरको समयमा भन्दा कयौं गुणा बढी खतरनाक र सूक्ष्म ढङ्गले जनचेतनालाई नियन्त्रण गर्ने क्षमता छ । आजका साम्राज्यवादी शक्तिहरूलाई सडकमा चिच्याइरहनु पर्दैन, तिनीहरूले एल्गोरिदममार्फत मानिसको सोच, चाहना, डर र आक्रोशलाई गोप्य रूपमा नियन्त्रण गरिरहेका छन् । डाटाको चोरी र डिजिटल निगरानीमार्फत जनताको स्वतन्त्र चेतनालाई नै बन्धक बनाउने काम भइरहेको छ । यो मानवीय मूल्य, स्वतन्त्रता र सामाजिक न्यायमाथिको सबैभन्दा ठूलो चुनौती हो । जब प्रविधि मानवीय मूल्य र नैतिकताको नियन्त्रणभन्दा बाहिर जान्छ, यसले मानव सभ्यतालाई नै संकटमा धकेल्छ र अधिनायकवादको खतरा उत्पन्न हुन्छ । यस्तो अधिनायकवाद नाजी युगमा मात्र होइन, शंकास्पद भूमिकामा रहेको नेपाली सेनाको छायामा 'ब्लु' युगमा पनि उदाउन सक्ने प्रबल सम्भावना छ । त्यसैले, ठूलो त्यागबाट बनेको नेपाली समाजको राजनीतिक, सांस्कृतिक र सामाजिक मूल्यलाई दुई पैसासँग सम्झौता गर्ने नेपालका सत्तावादी कम्युनिस्ट, लोकतान्त्रिक र देशभक्त भनिएका शक्तिहरू जिउँदो छन् वा मृत ? प्रश्न खडा भएको छ ।

### नवपुस्ता (जेनजी) को विद्रोह र वैचारिक संक्रमण

यो विश्वव्यापी लहरबाट नेपाल अछुतो रहने कुरै भएन । पछिल्लो समय नेपालमा पनि सूचना प्रविधिको विस्तार तीव्र गतिमा भएको छ । यसैको पृष्ठभूमिमा नेपाली समाजमा 'जेनजी' अर्थात् नवपुस्ताको एउटा विशिष्ट प्रकारको विद्रोह र असन्तोष सतहमा देखा परेको छ । वर्षौंदेखिको राजनीतिक अस्थिरता, आर्थिक मन्दी, बेरोजगारी र पुराना शक्तिहरूको अकर्मण्यताबाट वाक्क भएको यो पुस्ताले सामाजिक सञ्जाललाई आफ्नो असन्तोष पोख्ने र संगठित हुने माध्यम बनाएको छ । यसैको जगमा परम्परागत पार्टी र विचारहरूलाई चुनौती दिँदै नयाँ शक्ति र पात्रहरूको उदय भएको छ ।

सूचना क्रान्तिले आजको मानिसमा 'केही नयाँ हुनुपर्छ' भन्ने चेतना त पैदा गरि दियो, तर 'नयाँ के र कस्तो हुने?' भन्ने ज्ञानको अभावमा आजको मानिस भौंतारिरहेको छ । समाजमा बहसहरू छरपस्ट छन् । कतै यी बहसहरू असल नियतले भएका छन् भने कतै झिनामसिना लोभ वा स्वार्थबाट प्रेरित पनि हुन सक्छन् । यतिबेला आलोचना, छलफल र बहस सर्वत्र छ र यो आजको सिङ्गो नेपाली समाजको मुख्य विशेषता बन्न पुगेको छ, जुन स्वाभाविक पनि हो ।

नयाँपनको खोजीमा हिँडेको यो पुस्ता र यो समयको समाज उचित वैचारिक नेतृत्व र ज्ञानको अभावमा सजिलै दक्षिणपन्थी पपुलिजम, प्रायोजित छद्म-राष्ट्रवाद र पश्चगामी शक्तिहरूको जालमा फस्ने खतरा बढेर गएको छ । एल्गोरिदमले पस्किने सतही, सनसनीपूर्ण र टुक्रा-टुक्रा सूचनाका कारण समाजमा 'ज्ञानको संक्रमण' पैदा भएको छ । यो एउटा यस्तो विचारधारात्मक संक्रमणकालीन समय हो, जहाँ पुराना विचारहरूले काम गरिरहेका छैनन् र नयाँ विचारहरू पूर्ण रूपमा परिपक्व भइसकेका छैनन् । यस्तो वैचारिक संक्रमणको समयमा हामीले विचार, राजनीति, सङ्गठन र संघर्षमा कसरी सोच्ने? यो प्रश्नमा आज विशेष गरी कम्युनिस्टहरूले गम्भीर विमर्श गर्नैपर्ने भएको छ । तर, नेपालका कम्युनिस्टहरू वैचारिक पक्षमा मौन बसेर नितान्त प्राविधिक र सत्ता स्वार्थमा आफ्ना लक्ष्यहरूलाई बन्धक बनाइरहेका छन् ।

### कम्युनिस्ट आन्दोलनमा संकट र वैचारिक प्रतिबद्धताको आवश्यकता

आजको नेपाली कम्युनिस्ट आन्दोलन यति धेरै रक्षात्मक बन्नुको पछाडि आफ्ना आधारभूत वैचारिक मूल्यहरूमा दृढ हुन नसक्नु नै मुख्य कारण हो । सत्ता राजनीतिको भोक मेटाउनका लागि जेसुकै र जस्तोसुकै कुरा पनि पचाउन तयार हुने जुन प्रवृत्ति आज कम्युनिस्ट आन्दोलनभित्र सडेर बसेको छ, त्यो नै सबैभन्दा ठूलो समस्या हो । कम्युनिस्ट आन्दोलन केवल सरकार बनाउने वा भत्काउने प्राविधिक खेल होइन, यो त एउटा उन्नत वैचारिक र सांस्कृतिक आन्दोलन हो । हाम्रो आफ्नो वैचारिक प्रतिबद्धतालाई सुदृढ गर्दै, स्वाधीन देश र समाजवादी गन्तव्यका लागि निरन्तर प्रयत्न गर्नु नै आजको मुख्य कार्यभार हो ।

यही आवश्यकतालाई बोध गरेर विभिन्न प्रस्तावहरू अगाडि सारिए, जसमध्ये 'एकीकृत जनक्रान्ति' पछिल्लो समयको गतिशील वैचारिक प्रस्ताव हो । यो विचार एक थान कागजी सिद्धान्तको रूपमा मात्र छैन, यसमा दर्जनौं योद्धाहरूको रगत, हजारौं समर्पित कार्यकर्ताहरूको पसिना र लाखौं शोषित-पीडित जनताको न्यायपूर्ण अपेक्षा जोडिएको छ ।

आजको समयमा हामीले पछिल्लो समय देखा परेका यी नवीन र जटिल आयामहरूलाई गहिरोगरि अध्ययन गर्दै विचारलाई नयाँ उचाइमा संश्लेषित गर्नुपर्छ । वैचारिक संकटका कारण दिशाहीन हुँदै दुर्घटनामा जाकिन खोजिरहेको नेपाली समाज र सिङ्गो मानवजातिलाई सही क्रान्तिकारी दिशा देखाउनु नै हाम्रो ऐतिहासिक जिम्मेवारी हो । हामीले यो जिम्मेवारी पुरा गर्ने सामर्थ्य राख्नैपर्छ ।

*(साभार: रातोपाटी)*

# राजदूत नियुक्ति गैरराजनीतिक हुन सक्छ ?

काठमाडौं/सरकारले १४ जेठमा खुला प्रतिस्पर्धाबाट राजदूत नियुक्तिका लागि आवेदन आह्वान गऱ्यो । परराष्ट्र मन्त्रालयले 'टर्म्स अफ रिफरेन्स : एम्बासडर अफ नेपाल' जारी गर्दै चीन, अमेरिका, भारतलगायत १३ देशका लागि योग्य नेपाली नागरिकबाट आवेदन मागेको हो । आवेदन दिने अन्तिम मिति २२ जेठसम्म तोकिएको छ ।




आवेदकहरूका लागि कम्तीमा ३५ वर्ष उमेर पुगेको नेपाली नागरिक तथा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उत्तीर्ण भएको हुनुपर्ने सर्त राखिएको छ ।

भ्रष्टाचार, नैतिक पतन वा सरकारी सेवाबाट बर्खास्त भएका व्यक्तिले आवेदन दिन नपाउने व्यवस्था गरिएको छ । विदेशी स्थायी वा अस्थायी बसोबास अनुमति भएका तथा अन्तर्राष्ट्रिय सहायता प्राप्त गैरसरकारी संस्थामा कार्यरत व्यक्तिहरू पनि राजदूतका लागि अयोग्य हुने छन् ।

मन्त्रालयले विदेश नीति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिमा अनुभव, अंग्रेजी भाषामा दक्षता र उच्च नैतिक चरित्रलाई अनिवार्य योग्यता मानेको छ । आवेदन आह्वानबाट राजदूत चयन गर्ने प्रकियालाई परम्परागत प्रक्रियाबाट भएको 'डिपार्चर' का रूपमा पनि अर्थ्याइएको छ । राजदूत नियुक्ति सम्बन्धी निर्देशिका, २०७५ ले दुई तरिकाबाट राजदूत नियुक्तिको व्यवस्था गरेको छ ।

पहिलो, मन्त्रिपरिषद्ले सम्भावित उम्मदेवारहरूबाट चयन गर्ने व्यवस्था छ । दोस्रो, कूल राजदूत पदको ५० प्रतिशत नघट्ने गरी परराष्ट्र सेवाका राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीका बहालवालका अधिकृतहरूबाट पनि चयन गर्ने व्यवस्था छ । यसरी बहालवाला अधिकृतहरूबाट छानिएका राजदूतहरूलाई 'करिअर डिप्लोम्याट' को संज्ञा दिने गरिन्छ ।

यस पटक परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेको 'टर्म्स अफ रिफरेन्स : एम्बासडर अफ नेपाल' मा राजदूत नियुक्ति प्रक्रियाको बारेमा पनि लेखिएको छ । परराष्ट्र मन्त्रालयले नामहरूको सिफारिस माग गरी राजदूत नियुक्ति प्रक्रियाको थालनी गर्नेछ । यस प्रक्रियाअन्तर्गत मन्त्रालयले सम्भावित उम्मेदवारहरूको प्रारम्भिक सूची तयार गरी स्क्रिनिङ गर्नेछ । त्यसपछि योग्यता, क्षमता एवं विशिष्ट पदका लागि उपयुक्तताका आधारमा योग्य व्यक्तिहरूको संक्षिप्त सूची (सर्ट लिस्ट) तयार गरी मन्त्रि परिषद्रुमा सिफारिस गर्नेछ।

मन्त्रिपरिषद्रुबाट मनोनयनमा परेका उम्मेदवारहरू संघीय संसद्को संसदीय सुनुवाइ समिति समक्ष उपस्थित हुनुपर्ने कानुनी प्रावधान रहेको छ। संसदीय सुनुवाइ सम्पन्न भएपछि परराष्ट्र मन्त्रालयले प्रस्तावित राजदूतका लागि सम्बन्धित देशबाट सहमति अर्थात् 'एग्रेमो' माग गर्नेछ ।

उक्त सहमति प्राप्त भएपछि मन्त्रिपरिषद्को सिफारिसमा नेपालका राष्ट्रपतिबाट औपचारिक रूपमा राजदूत नियुक्त गरिने छ। यसरी नियुक्त राजदूतले निर्देशिकाको अनुसूची १ बमोजिम प्रधानमन्त्री समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरेपछि मात्र आफ्नो कार्यभार सम्हाल्ने व्यवस्था रहेको छ।

यद्यपि, यस प्रक्रियाबाट चयन भएका राजदूतहरूको योग्यता माथि सन्देह भने नउठेको होइन । राजदूत दरखास्तको प्रक्रियाभन्दा पनि प्रधानमन्त्री वा मन्त्रिपरिषद्ले चयन गरेको नै उपयुक्त हुने जानकारहरूले पनि बताएका छन् । त्यस्तै, राजनीतिक नियुक्ति नभएको अवस्थामा सम्बन्धित राष्ट्रहरूबाट एग्रिमो पाउने हकमा पनि असहज हुने शंका पनि गरेको देखिन्छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल भने यसमा सन्देह राख्न नपर्ने बताउँछन् । सरकारले नयाँ थिति बसाल्नका लागि नै नयाँ व्यवस्था कायम गरेकाले अनावश्यक शंका नगर्न उनले भनेका छन् ।

'यो विशुद्ध नयाँ प्रक्रिया भएकाले मात्र यस्तो शंका-उपशंका आएको हो । विगतमा राजनीतिक नियुक्ति हुँदा पनि एग्रिमो नपाएको उदाहरण छ । त्यस कारण नयाँ प्रक्रिया लागु हुने बित्तिकै एग्रिमो नपाउने भन्ने कुरा निराधार देखिन्छन्,' पौडेल भन्छन् ।

२०६५ सालमा पुष्पकमल दाहाल प्रचण्डको प्रधानमन्त्रीकालमा तत्कालीन मन्त्रिपरिषद्ले माओवादी नेतृ पम्फा भुसाललाई फ्रान्सका लागि आवासीय र युनेस्कोका लागि स्थायी प्रतिनिधि (राजदूत) नियुक्त गर्ने निर्णय गरेको थियो। संसदीय सुनुवाइ समितिबाट नाम अनुमोदन भएर नेपाल सरकारले सहमतिका लागि फ्रान्स सरकारसमक्ष 'एग्रिमो' पठायो। तर, फ्रान्स सरकारले लामो समयसम्म भुसालको एग्रिमो स्वीकृत गरेन।

२०४९ सालमा पनि गिरिजाप्रसाद कोइरालाको पहिलो प्रधानमन्त्रीकालमा पनि यस्तै प्रकृतिको घटना भएको देखिन्छ । नेपाली कांग्रेसका नेता प्रदीप खतिवडालाई म्यानमारका लागि राजदूत सिफारिस गरिएको थियो। तर म्यानमारको तत्कालीन सैन्य सरकारले खतिवडाको एग्रिमो अस्वीकार गरिदियो।

नेपालको इतिहासमा यसरी राजनीतिक नियुक्तिका एग्रिमोहरू अस्वीकृत भएका उदाहरणहरू धेरै भेटिन्छन् । रुसका पूर्वराजदूत मिलन तुलाधर राजदूत नियुक्तिको नयाँ व्यवस्थाले कस्तो नतिजा देला भनेर भन्न नसकिने बताउँछन् । अहिलेका लागि प्रयोगात्मक (एक्स्पेरिमेन्टल) अवस्थामा रहेका कारण परिणामबारे यकिन भन्न नसकिने उनको भनाइ छ ।

'अहिले नेपालको लागि यो व्यवस्था प्रयोगात्मक अवस्थामा छ । प्रतिभावान व्यक्तिहरू आएर आफ्नो क्षमता प्रदर्शन पनि गर्न सक्छन । तर अनुभव बिनाको प्रतिभा कहिलेकाहीँ फिक्का पर्न जाने अवस्था आउन सक्छ । यस पक्षमा भने ध्यान दिनु पर्नेछ,' तुलाधर भन्छन् । राजनीतिक अनुभव नभएका मानिसहरू पनि चयन हुन सक्ने खतरा भने जीवितै रहेको छ । यो खतरालाई नजरअन्दाज गर्न नमिल्ने तुलाधर बताउँछन् । त्यसमाथि चीन, भारत र अमेरिका जस्ता विशेष सामीप्य र महत्व भएका देशको सन्दर्भमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

'सबै देशको हकमा राजनीतिक नियुक्ति हुनुपर्छ भन्ने कुरा पनि ठिक देखिँदैन । तर नेपालका लागि विशेष महत्व भएका देशहरूमा खुला प्रतिस्पर्धाबाट छानिएका राजदूत नियुक्ति गर्दा भने ध्यान पुऱ्याउनु पर्ने देखिन्छ,' उनी भन्छन् । राजदूत नियुक्तिका प्रक्रियाहरूमाथि अन्य प्रश्नहरू पनि उठिरहेका छन्।

मन्त्रालयले सम्भावित उम्मेदवारहरूको प्रारम्भिक सूची तयार गरी स्क्रिनिङ गर्ने र योग्यता, क्षमता एवं विशिष्ट पदका लागि उपयुक्तताका आधारमा योग्य व्यक्तिहरूको संक्षिप्त सूची (सर्ट लिस्ट) तयार गरी मन्त्रिपरिषद्रुमा सिफारिस गर्ने व्यवस्था छ ।

कतिपयले राजनीतिक नियुक्तिको विकल्पमा स्थापित यस व्यवस्थामा पुनः राजनीतिक नियुक्तिकै पूर्भ्याभास भएको पनि बताएका छन् ।

प्रवक्ता लोकबहादुर पौडेलले यी पूर्भ्याभास पनि नकारात्मक रूपमा मात्र व्याख्या गरिएको बताउँछन् । राजनीतिक नियुक्तिको विकल्पकै रूपमा स्थापित भएको प्रक्रियालाई पुरानै तरिकाको राजनीतिक नियुक्तिसँग तुलना गर्न नमिल्ने उनको ठहर छ ।

राजनीति तथा अन्तर्राष्ट्रिय सम्बन्धका जानकार डा. सन्जिब हुमागाईं भने यस प्रक्रियालाई गैरराजनीतिक प्रक्रियाको लेपन लाउन नमिल्ने देख्छन्। अन्तर्राष्ट्रिय स्तरमा शक्ति प्रदर्शन गर्ने निकाय र नियुक्ति आफैंमा राजनीतिक प्रक्रिया भएको उनको विश्लेषण छ। 'राजदूत नियुक्तिलाई गैरराजनीतिक नियुक्तिको शब्दावली पहिऱ्याइएको छ। मन्त्रिपरिषद्ले नै स्क्रिनिङ र सर्टलिस्ट गर्ने भएकाले यो प्रक्रिया गैरराजनीतिक नहुने सम्भावना हुँदैन,' हुमागाईं भन्छन्।

सरकारले अवलम्बन गरेको नयाँ व्यवस्थामा धेरै सन्देह गर्ने ठाउँ नभए पनि राजनीतिक अनुभव नभएका उम्मेदवारहरू नियुक्त भएको खण्डमा थप कूटनीतिक समस्या झेल्नु पर्ने हुन सक्छ। यसलाई हलुका रूपमा लिन नहुने उनको विचार छ।

'चीन, भारत र अमेरिका जस्ता देशहरूको सम्बन्धलाई पूर्ववत् रूपमा लिने अवस्था छैन। हाम्रो सम्बन्ध असाधारण प्रकृतिको भइसकेको छ। सामान्यतया यस्ता देशहरूमा नियुक्त राजदूतहरूको हाम्रो देशको प्रधानमन्त्री, परराष्ट्र मन्त्री र विपक्षी दलको नेतासँग पनि घनीभूत व्यक्तिगत सम्बन्ध हुँदा राष्ट्रिय स्वार्थ प्राप्ति गर्न सहज हुन्छ,' उनी भन्छन् ।

अन्तर्राष्ट्रिय पक्षको उल्लेख गर्दै उनी थप्छन्, 'खासमा विश्वभर प्रमुख छिमेकी देशमा र ाजनीतिक व्यक्तिहरूलाई राजदूत नियुक्त गर्ने कारण पनि यही हो। अहिलेको प्रक्रियाबाट आउने राजदूतले त्यो सामर्थ्य राख्ने वातावरण सिर्जना गर्न सकेन भने हामीले ठूलो कूटनीतिक मूल्य चुकाउनु पर्ने हुन सक्छ।'

*(स्रोत: अनलाइनखबर)*

# राप्तीका चार स्थानमा तटबन्ध सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ चितवन र मकवानपुरको राप्ती नदीले कटान गर्ने उच्चजोखिमयुक्त चार स्थानमा तटबन्ध निर्माणकार्य सुरु भएको छ ।

मकवानपुर हुँदै चितवनको नारायणी नदीमा मिसिने राप्ती नदीले हरेकवर्ष तटीयक्षेत्रमा कटान गर्दै आएपछि जोखिम न्यूनीकरणका लागि तटबन्ध निर्माण सुरु गरिएको हो । मकवानपुर र चितवनका विभिन्न स्थानमा नदी कटानका कारण बस्ती तथा खेतीयोग्य जमिन जोखिममा पर्ने गरेको छ । वर्षौंदेखि तटबन्ध निर्माणको माग उठ्दै आएपनि कार्यान्वयन हुन सकेको थिएन । अहिले दुवै जिल्लाका प्रमुख कटानक्षेत्र पहिचान गरी काम सुरु गरिएको हो । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय भरतपुरका सूचनाअधिकारी इन्जिनियर सागर पौडेलका अनुसार राप्ती नदी अन्तर्गत दुवै जिल्लाका चार स्थानमा ठेक्का लगाएर तटबन्ध निर्माण भइरहेको छ ।

उनले भने, 'हरेकवर्ष कटानको जोखिम हुने स्थान पहिचान गरी विभिन्न क्षेत्रमा ठेक्का लगाएर तटबन्ध निर्माण भइरहेको छ । वर्षा अगावै काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।' तटबन्ध निर्माणमा ठुला ढुंगाको प्रयोग गरिएको छ । साना तथा सिमेन्टयुक्त संरचना प्रभावकारी नहुने भएकाले ठुला ढुंगा प्रयोग गरिएको उनले बताए । तटबन्ध निर्माण भइरहेका स्थानमा मकवानपुरको रजैया र प्रतापपुर तथा चितवनको अन्द्रौली र भरतपुर-२२ बोटेटोल रहेका छन् । ती स्थान नदीकटानको उच्चजोखिममा रहेकाले काम अघि बढाइएको हो । २०८२ चैतबाट सुरु भएको निर्माणकार्य असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । तटबन्ध निर्माणकार्य ५ करोड २२ लाख रुपैयाँको लागतमा भइरहेको कार्यालयले जनाएको छ ।

हालसम्म ५७ प्रतिशत काम सम्पन्न भएको छ । कार्यालयले असार मसान्तभित्र काम पूरा गर्न निर्माण कम्पनीलाई दबाब दिइरहेको जनाएको छ । राप्ती नदीको कटान प्रभावित क्षेत्रमध्ये चितवनको पर्यटकीय क्षेत्र सौराहा पनि एक हो । यहाँ मुख्य स्थानमा ड्याम निर्माण गरिएको छ भने सौराहाको पश्चिमतर्फ हात्ती प्रजनन केन्द्र जाने मार्ग आसपासको क्षेत्र अझै पनि कटानको जोखिममा रहेको छ । यो क्षेत्रमा तटबन्ध निर्माणको माग हुँदै आए पनि यस वर्ष कुनै काम हुन सकेको छैन ।

आगामी आर्थिक वर्षमा राप्ती र नारायणी नदीका प्रभावित अन्य स्थानमा तटबन्ध निर्माणका लागि बजेट माग गरिएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय प्रमुख नारायण सुवेदीले जानकारी दिएका छन् । उनले भने, 'स्थानीय, प्रदेश र संघीय जनप्रतिनिधिसँग छलफल गरी बजेट माग गरेका छौं ।

कुनक्षेत्र अति जोखिममा छ र कहाँ तत्काल आवश्यक छैन भन्ने पहिचान गरिसकेका छौं । स्रोत सुनिश्चित भएमा थप निर्माणकार्य अघि बढाइनेछ ।'

# 'सेप अफ मोमो': प्रशंसा पायो, दर्शक पाएन



काठमाडौं/नेपाली फिल्म क्षेत्रमा अक्सर एउटा कुरा सुनिन्छ( 'जुन फिल्म राम्रो छ, त्यही चल्छ ।' तर, केही फिल्मको हकमा यो भनाइ मेल नै खाँदैन । अन्तर ाष्ट्रिय फेस्टिभलमा वाहवाही बटुलेका र समीक्षकले प्रशंसाको पुल बाँधेका फिल्म प्रायः बक्स अफिसमा नर ाम्रोसँग पिटिन्छन् । यसको ताजा उदाहरणको रूपमा फिल्म 'सेप अफ मोमो'लाई लिन सकिन्छ ।

विश्वका थुप्रै प्रतिष्ठित फेस्टिभल घुमेर केही अवार्ड समेत जितेको यो फिल्म गत शुक्रबार बाट नेपाल र भारतमा एकसाथ प्रदर्शनमा आएको थियो । फिल्म प्रदर्शन भएसँगै दुवै देशका मिडियामा फिल्मबारे समीक्षा प्रकाशन भएका छन्, जहाँ कथावाचन शैलीदेखि कलाकारहरूको अभिनयसम्मको प्रशंसा गरिएको छ । ती समीक्षाहरू पढ्दा लाग्छ, यस्तो नेपाली फिल्म यसअघि बनेकै थिएन ।

तर, फिल्मले लोभलाग्दो समीक्षा पाइरहँदा दुवै देशका हलहरूमा दर्शक भने सिला खोज्नुपर्ने अवस्था छ । नेपालमा त भोलि शुक्रबारबाट फिल्म नै उत्रिँदैछ । यो समाचार तयार पार्दासम्म देशका कुनै पनि हलले शुक्रबारका लागि फिल्मलाई एउटा पनि शो दिएका छैनन् । यसबाट पनि फिल्मले गएको एक सातामा कस्तो व्यापार गऱ्यो भन्ने छर्लङ्ग हुन्छ ।

भारतमा पनि फिल्मको अवस्था नेपालभन्दा फरक छैन । करिब आधा दर्जन शोसहित भारतका हलमा प्रदर्शन सुरु गरेको यो फिल्मले एक सातामा अधिकांश शो गुमाइसकेको छ । बिहीबारका लागि फिल्मको एउटा मात्र शो उपलब्ध रहेको 'बुक माइ शो'मा देखिन्छ । आज शुक्रबारका लागि त्यो पनि छैन । यसरी हेर्दा फिल्मको भारत रिलिज पूर्ण रूपमा असफल भएको छ ।

'सेप अफ मोमो'को असफलताले के स्पष्ट पार्छ भने सकारात्मक समीक्षा पाउँदैमा फिल्म सफल हुँदैन । यसअघि उत्कृष्ट समीक्षा पाएका 'राजागन्ज', 'सिक्रेट अफ राधा', 'शाम्बाला', 'केटी हराएको सूचना', 'गाउँ आएको बाटो', 'सेतो सूर्य' जस्ता फिल्म पनि असफल भएका थिए । यसले समीक्षक र दर्शकको फिल्मप्रतिको बुझाइ र रुचिबीच ठूलो अन्तर रहेको देखाउँछ ।

# अध्ययन बिदा दुरुपयोग: ४४ प्राध्यापकले गरे ११ करोड फिर्ता

काठमाडौं/त्रिभुवन विश्वविद्यालयबाट अध्ययन बिदा लिएर काममा नफर्किएका ४४ जना प्राध्यापकले ११ करोड रकम फिर्ता गरेका छन् । अध्ययन बिदामा गएका प्राध्यापक काममा नफर्किंदा २ अर्ब रुपैयाँ बढी नोक्सानी भएको समाचार अनलाइनखरबमा प्रकाशित भएपछि त्रिविले छानबिन समिति बनाएको थियो ।




डा. जीवन काफ्लेको संयोजकत्त्वमा गठित समितिले ३९८ जना प्राध्यापकले बिदा दुरुपयोग गरेको प्रतिवेदन तयार पारेको छ । अध्ययन बिदा दुरुपयोग गर्ने प्राध्यापकहरूलाई रकम फिर्ता गर्न त्रिविले सार्वजनिक सूचना निकालेपछि ४४ प्राध्यापकले ११ करोड फिर्ता गरेका हुन् । 'आजसम्म ४४ जनाले फिर्ता गर्नुभएको छ । ११ करोड रकम उठेको छ,' छानबिन समितिका संयोजक काफ्लेले भने । छानबिन समितिले प्रतिवेदन बुझाएपछि काफ्लेकै संयोजकत्त्वमा त्रिविले हेल्क डेस्क बनाएको छ । यही डेस्कले रकम उठाउने र फिर्ता गर्नुपर्ने प्राध्यापकहरूलाई जानकारी गराउने काम गरिरहेको छ ।

संयोजक काफ्लेका अनुसार ६१ जना प्राध्यापकले रकम फिर्ताको लागि निवेदन दिएका छन् । 'फिर्ता गर्न बाँकी भएकालाई सम्पर्कमा आउन अनुरोध गर्दछौं,' काफ्लेले भने । अध्ययन बिदा लिएर पूरा समय काम नगरेका अहिलेका सांसदले समेत रकम फिर्ता गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाली कांग्रेसका सांसदले तलब-भत्ता फिर्ता गरेका छन् ।

कैलाली-५ बाट निर्वाचित रास्वपा सांसद डा. आनन्द चन्द र गण्डकी प्रदेशबाट राष्ट्रिय सभामा निर्वाचित कांग्रेस सांसद जगत तिमिल्सिनाले रकम फिर्ता गरेका हुन् । सांसद हुनुअघि उपप्राध्यापक चन्द त्रिवि पाटन संयुक्त क्याम्पस र सहप्राध्यापक तिमिल्सिना व्यवस्थापन केन्द्रीय विभागमा कार्यरत थिए ।

चन्दले गत ३० चैतमा ४४ लाख ५६ हजार र तिमल्सिनाले गत २ वैशाखमा ३३ लाख ५० हजार रकम फिर्ता गरेका हुन् । त्रिविको शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० मा ३ वर्षभन्दा बढी ५ वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा ५ वर्ष सेवा गर्नुपर्ने उल्लेख छ । यदि ३ वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा ३ वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ । तर बिदामा गएका धेरैजसो प्राध्यापक फर्किने गरेका छैनन् ।

अध्ययन बिदा सकिएपछि नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलब भत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर कबुलियतनामा गरिएको हुन्छ । तर धेरैजसोले राजीनामा दिने रकम फिर्ता नगर्ने गरेको पाइएको छ । त्रिविले विज्ञ शिक्षक उत्पादन गर्न तलब सहितको अध्ययन बिदा दिने गरेको हो । तर अध्ययन बिदाको चरम दुरुपयोग हुने गरेको छ । जसका कारण त्रिविले आर्थिक क्षति अनि शैक्षिक समस्या र नैतिक नोक्सानी बेहोरिरहेको छ । फिर्ता गर्न नआउनेलाई एक पटक फेरि सार्वजनिक सूचना जारी गर्ने र नआएमा थप कारबाही गर्ने तयार ी त्रिविको छ ।

**सरकारको चासो**

यस विषयमा सरकारले पनि चासो दिएको छ । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले उच्च शिक्षा क्षेत्रमा सुशासन, जवाफदेहिता र संस्थागत अनुशासन स्थापित गर्ने अभियानको महत्वपूर्ण उपलब्धि भएको बताएका छन् । 'अध्ययन बिदा विश्वविद्यालयलाई दक्ष, अनुसन्धानमुखी र अन्तर्राष्ट्रिय स्तरको प्राज्ञिक जनशक्ति उपलब्ध गराउने उद्देश्यले प्रदान गरिने विशेष अवसर हो । तर सार्वजनिक स्रोत र राज्यको लगानीबाट प्राप्त उक्त सुविधाको दुरुपयोग गरी सेवामा नफर्किने प्रवृत्तिले विश्वविद्यालयलाई आर्थिक मात्र होइन, शैक्षिक र नैतिक क्षतिसमेत पुऱ्याएको छ,' मन्त्री पोखरेलले सामाजिक सञ्जालमा लेखेका छन् ।

मन्त्रालयले गम्भीरतापूर्वक लिँदै विश्वविद्यालयलाई आवश्यक पहल गर्न प्रोत्साहित गरेको मन्त्री पोखरेलले उल्लेख गरेका छन् । 'छानबिन र कानुनी प्रक्रियाको परिणामस्वरूप रकम फिर्ता हुने क्रम तीव्र बनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'बा: एक योद्धा'मा सागरदेखि सुप्रियासम्म

काठमाडौं/छायांकन सकिएर हाल पोस्ट प्रोडक्सनमा रहेको फिल्म 'बा: एक योद्धा'का कलाकारबारे निर्माण टिमले लामो समय मौनता साध्यो ।

छायांकन अन्तिम चरणमा रहँदा मात्र फिल्मका तीन मुख्य कलाकारको नाम सार्वजनिक गरिएको थियो, जसमा झरना थापा, सुहाना थापा र दिव्य देव थिए । बाँकी अन्य कलाकारलाई भने छायांकनभरि लुकाइयो ।

अब फिल्मका थप चार जना कलाकारको नाम सार्वजनिक गरिएको छ । बिहीबार निर्माताले सागर खनाल, शिशिर सिवाकोटी, सुप्रिया शर्मा र शवि थापालाई फिल्मका कलाकारको रूपमा चिनाएका हुन् । उनीहरूमध्ये सागरले यसअघि फिल्म '११:५५' र शिशिरले 'बेहुली फ्रम मेघौली' र 'सानो संसार'मा काम गरिसकेका छन् । सुप्रिया र शविको भने यो डेब्यू फिल्म हो ।

हरि लम्सालको लेखन तथा निर्देशनमा बनेको यो फिल्म श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर भदौ १९ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्मका निर्माता वसन्त लम्साल हुन् । गायक तथा संगीतकार समेत रहेका उनले यसअघि अभिनेता विपिन कार्कीलाई लिएर फिल्म 'कर्मा' निर्माण गरेका थिए । 'बा: एक योद्धा' उनको दोस्रो निर्माण हो ।

आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा निर्देशक लम्साल स्वयंको कथा तथा पटकथा लेखन रहेको छ । शिवराम श्रेष्ठले फिल्मको छायांकन गरेका हुन् । मुख्य सहायक निर्देशकमा तारानाथ न्यौपाने रहेका छन् । फिल्मले सन्तानको भविष्यका लागि बुवाले गर्ने त्याग, संघर्ष र जीवनभर झेल्ने चुनौतीहरूलाई प्रस्तुत गर्ने जनाइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*



# १० प्लास्टिक बोतल बराबर १ फलफूलको बिरुवा

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/विश्व वातावरण दिवस २०८३ को अवसरमा हेटौंडा उपमहानगरपालिकाको सहयोग तथा टोल विकास संस्था नगरसमन्वय समितिको आयोजनामा 'बोतलसँग फलफूलका बिरुवा साट्ने' कार्यक्रम सम्पन्न भएको छ ।



वातावरण संरक्षण, प्लास्टिकजन्य फोहोर व्यवस्थापन तथा हरियाली प्रवर्द्धनलाई लक्षित गर्दै हेटौंडा उपमहानगरपालिका वडा नं. १८ र वडा नं. ६ मा कार्यक्रम सञ्चालन गरिएको हो । '१० वटा प्लास्टिक बोतल बराबर १ वटा फलफूलको बिरुवा' साट्ने व्यवस्था गरिएको कार्यक्रममार्फत दुई स्थानबाट गरी ४०० भन्दा बढी फलफूलका बिरुवा वितरण गरिएको छ । कार्यक्रममा सहभागी स्थानीयले प्रयोगपछि फालिएका प्लास्टिकका बोतल संकलन गरी ल्याएका थिए भने त्यसको सट्टामा उन्नत जातका फलफूलका बिरुवा प्राप्त गरेका थिए ।

टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा घरघरमा फलफूल उत्पादनको संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताए । नगरलाई हराभरा र वातावरणमैत्री बनाउने अभियानमा सबै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको उनको भनाइ थियो । वडा नं. १८ का अध्यक्ष अनिलकुमार बानियाँले यस्ता कार्यक्रमले वातावरण संरक्षणसँगै स्थानीयस्तरमा फलफूल उत्पादन बढाउन महत्वपूर्ण योगदान पुग्ने बताए ।

आगामी दिनमा पनि यस्ता अभियानलाई निरन्तरता दिइने उनले जानकारी दिए । कार्यक्रममा सहभागी स्थानीयले प्लास्टिकजन्य फोहोरको उचित व्यवस्थापनसँगै फलफूलका बिरुवा प्राप्त गर्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिएका थिए । यस्ता अभियानले वातावरण संरक्षणप्रति नागरिकको चासो बढाउनुका साथै वृक्षरोपण अभियानलाई थप प्रभावकारी बनाएको उनीहरुको भनाइ थियो । लिची, आँप, अम्बा, एभोकाडो, कागतीलगायत उन्नत जातका फलफूलका बिरुवा वितरण गरिएको हो ।

विश्व वातावरण दिवस २०८३ को सप्ताहव्यापी कार्यक्रम अन्तर्गत नगरका विभिन्न ६ स्थानमा यस्ता कार्यक्रम सञ्चालन गरिनेछ । अभियानमार्फत १ हजारभन्दा बढी फलफूलका बिरुवा वितरण गर्ने लक्ष्य राखिएको छ । वातावरण संरक्षण, प्लास्टिक फोहोर न्यूनीकरण तथा फलफूलखेती विस्तारलाई एकैसाथ जोडेर सञ्चालन गरिएको यस अभियानले नगरवासीमा सकारात्मक सन्देश प्रवाह गरेको आयोजकले जनाएको छ ।

# गर्भवती महिलालक्षित भिडियो एक्स-रे सेवा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ स्थित लामसुरे आधारभूत स्वास्थ्य केन्द्रमा २० जेठबाट गर्भवती महिलालक्षित भिडियो एक्स-रे सेवा सुरु भएको छ ।

गर्भवती र गर्भमा रहेका शिशुको स्वास्थ्यअवस्थाको जानकारी लिन केन्द्रमा नि:शुल्क भिडियो एक्स-रे सेवा प्रदान गर्न सुरु गरिएको वडाअध्यक्ष सुकराम केसीले जानकारी दिए । वडा कार्यालयको संयोजन, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राविधिक सहयोग र बर्जर पेन्ट्स प्रालिको संस्थागत सामाजिक उत्तर दायित्वअन्तर्गत प्राप्त मेसिनबाट सेवा प्रारम्भ गरिएको उनले बताए । विशेषगरी वडाभित्रका गर्भवती महिलालाई लक्षित गर्दै रेडियोलोजिस्ट (विशेषज्ञ डाक्टर) सहितको उपस्थितिमा सेवा सुचारु गरिएको वडा कार्यालयले जनाएको छ । सेवा सुचारु भएसँगै स्थानीय गर्भवती महिलाले सामान्य भिडियो एक्स-रे सेवाकै लागि अस्पताल वा निजी क्लिनिक धाउनुपर्ने र चर्को शुल्क तिर्नुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए ।

गर्भवतीको गर्भमा रहेको शिशुको अवस्था थाहा पाउन र समयमै समस्याको पहिचान गर्ने उद्देश्यले वडाभित्र नै गर्भवतीका लागि नि:शुल्क भिडियो एक्स-रे सेवा सञ्चालन गरेको अध्यक्ष केसीले जानकारी दिए । 'पोर्टेवल भिडियो एक्स-रे मेसिन'को प्रयोग गरी स्वास्थ्यकर्मीले केन्द्रबाट सेवादिन सुरु गरेको उनले बताए । स्वास्थ्य केन्द्रबाट गर्भवती महिलालक्षित सेवामात्र नभई वडाभित्रका दीर्घ रोगीका लागि समेत विशेष सेवाको व्यवस्था गरिएको छ । वडा कार्यालयका अनुसार विभिन्न कडा तथा दीर्घरोगका बिरामीका लागि स्वास्थ्य केन्द्रबाटै नियमितरुपमा नि:शुल्क औषधिसमेत वितरण भइरहेको उनले जानकारी दिए ।

उनले आगामी वर्षदेखि भने महिनाको तीनदिन विशेषज्ञ सेवाप्रदान गर्ने योजना रहेको जानकारी दिए । स्वास्थ्य क्षेत्रलाई अझ प्रभावकारी र नागरिकमैत्री बनाउन वडा कार्यालयले थप नयाँ योजना अघि सार्दै आगामी आर्थिक वर्षदेखि महिनाको तीनदिन रेडियोलोजिस्टसहितका विशेषज्ञ डाक्टरको उपस्थितिमा विशेष स्वास्थ्यशिविर तथा परामर्श सेवा सञ्चालन गर्ने सोच रहेको अध्यक्ष केसीले जानकारी दिए ।

वडाअध्यक्ष केसीले वडावासीको स्वास्थ्य अधिकारलाई सुरक्षित गर्दै घरदैलोमै गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन वडा कार्यालय प्रतिबद्ध रहेको भन्दै सम्पूर्ण वडावासीलाई स्वास्थ्य केन्द्रबाट प्रवाह हुने सेवाको भरपूर लाभलिन अनुरोध गरेका छन् ।

८ मन्त्रालय मातहत १९१ कार्यालय मात्र कायम गर्ने बागमती प्रदेश सरकारको निर्णय

# अपाङ्गता नीति र ऱ्याफ्टिङ स्कुललाई स्वीकृति

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ बागमती प्रदेश सरकारले प्रशासनिक संरचनामा व्यापक पुनर्संरचना गर्दै प्रदेशअन्तर्गतका कार्यालयको संख्या घटाएको छ ।



बिहीबार बसेको मन्त्रि परिषद् बैठकले प्रदेशका ८ मन्त्रालय मातहत १९१ कार्यालयमात्र कायम रहने गरी संगठन संरचना पुनर्गठन गर्ने निर्णय गरेको हो । सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार यसअघि रहेका २०१ कार्यालयमध्ये केहीलाई एकआपसमा गाभ्ने, केहीलाई खारेज गर्ने र आवश्यकताअनुसार नयाँ कार्यालय स्थापना गर्ने निर्णय गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा गरिएको पुनर्संरचनाले अस्थायी तथा दोहोरो प्रकृतिका कार्यालय हटाएर प्रशासनिक खर्च कटौती र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ ।

मन्त्रिपरिषद् बैठकले कर्मचारी व्यवस्थापनतर्फ पनि महत्वपूर्ण निर्णय गरेको छ । स्वास्थ्य सेवातर्फ कार्यरत उपसचिवद्वय सागर प्रसाद घिमिरे र सतीस विष्टलाई ११ औं तहमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरिएको प्रवक्ता तामाङले जानकारी दिए । त्यसैगरी संस्कृति तथा पर्यटन मन्त्रालयको प्रस्तावमा प्रदेशमा ऱ्याफ्टिङ स्कुल सञ्चालनका लागि सैद्धान्तिक स्वीकृति प्रदान गरिएको छ । सरकारले साहसिक पर्यटन प्रवर्द्धन र दक्ष जनशक्ति उत्पादनका लागि यो कार्यक्रम महत्वपूर्ण हुने विश्वास लिएको छ ।

बैठकले सामाजिक विकास मन्त्रालयले तयार पारेको 'अपाङ्गता भएका व्यक्ति सम्बन्धी प्रादेशिक नीति, २०८३' पनि स्वीकृत गरेको छ । यो नीतिले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, पहुँच अभिवृद्धि तथा जीवनस्तर सुधारका लागि आवश्यक कार्यक्रम र कार्ययोजना निर्माण गर्न मार्गदर्शन गर्ने अपेक्षा गरिएको मन्त्री तामाङले बताए ।

# बसपार्कबाट उद्दार गरिएका २१ बालकलाई अभिभावकको जिम्मा लगाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ भारतको देहरादुनतर्फ लैजाँदै गरेका २१ बालकलाई हेटौंडा बसपार्कबाट उद्दार गरिएको छ ।


सिन्धुली, बारा, धादिङ र सर्लाही जिल्लाबाट आएका बालकलाई जम्मा पारेर भारततर्फ लैजाँदै गरेको अवस्थामा बसपार्कबाट विभिन्न संस्थाहरुसहित प्रहरीले बुधबार उद्दार गरेको हो । बौद्ध धार्मिक गुरुमाथि शंका लागि सोधपुछ गर्दा बालकहरुलाई भारतको देहरादुनको मण्डुवाला चोकस्थित गुम्बामा पठनपाठनका लागि लैजान लागेको बताएपछि नियन्त्रणमा लिएको जिल्ला प्रहरी मकवानपुरले जनाएको छ । बालबालिका संरक्षणको क्षेत्रमा कार्यरत सिविन नेपाल (बाल हेल्पलाइन), साना हातहरु नेपाल, माइती नेपाल र प्रहरीको संयुक्त पहलमा भएको खोजीमा सिन्धुली हरिहरपुरगढी गाउँपालिका-८ का विकास लामालाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा बालकलाई परिवारको सहमतिमा देहरादुन लैजान लागेको बताएका थिए । उद्दार गरिएका बालकहरु ४ वर्षदेखि १८ वर्षसम्मका रहेको सिविन नेपालका प्रबन्धक झविन्द्र ज्ञवालीले जानकारी दिए । अभिभावकले नै पठाएपछि गुम्बामा पाँच वर्षअघिदेखि नै पढ्दै आएको र पटकपटक जाँदै आउँदै गरेको बालकहरुले बताएका छन् । गुम्बामा तिब्बती तथा अंग्रेजी भाषामा बुद्धको ज्ञानका विषयमा पठनपाठन हुने गरेको बालकहरुले बताएका हुन् । बालबालिकालाई संरक्षकबिना विदेशमा एक्लै पठाउन नहुने प्रावधान हुँदाहुँदै पनि निजगढ नगरपालिका-११ र १२ कार्यालयबाट विदेशी गुम्बामा पठनपाठनका लागि सिफारिस दिएको पाइएको छ ।

नेपालको बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा ३ मा कुनै पनि बाबु, आमा, परिवारका सदस्य वा संरक्षकले आफ्ना छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिसे छाड्न नपाइने उल्लेख छ भने सोही ऐनको दफा १७ को उपदफा ५ मा बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले ५ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको संरक्षकको साथ नलगाई एक्लै पठाउन नहुनेसमेत व्यवस्था रहेको छ ।

भूटनदेवी माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर
कक्षा ११ मा नयाँ भर्ना
खुल्यो ! खुल्यो ! खुल्यो !
"इतिहासमा गौरव बोकेको, गुणस्तरीय शिक्षाको विश्वासिलो नाम भूटनदेवी माध्यमिक विद्यालयमा कक्षा ११ को नयाँ भर्ना खुलिसकेको छ ।"
अब आफ्नो उज्ज्वल भविष्यको सुरुवात गर्नुहोस् अनुभवी शिक्षक, आधुनिक शिक्षण प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित ।
• विज्ञान विषय (Science)
• व्यवस्थापन विषय (Management / Commerce)
• होटल म्यानेजमेन्ट विषय (Hotel Management)
• सिभिल इन्जिनियरिङ विषय (Civil Engineering)
• शिक्षा विषय र कम्प्युटर विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउदछौं ।
शैक्षिक उत्कृष्टताको लामो इतिहास बोकेको हाम्रो विद्यालय अहिले ISO Certification प्रक्रियामा अगसर हुँदै अझ गुणस्तरीय र अन्तर्राष्ट्रिय स्तरको शिक्षातर्फ उन्मुख छ ।
हाम्रा विशेषताहरू :
- दक्ष तथा अनुभवी शिक्षक
- व्यवस्थित कक्षा कोठा
- आधुनिक प्रयोगशाला
- प्रविधिमैत्री शिक्षण
- उत्कृष्ट नतिजा
- GPA अनुसार पूर्ण छात्रवृत्तिको व्यवस्था भएको
- पर्याप्त खेल मैदान
"आजको सही निर्णय, भोलिको सफल भविष्य ।"
• तपाईंको सपना र सफलताको यात्रामा
भूटनदेवी माध्यमिक विद्यालय - सधैं एक कदम अगाडि ।
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।
थप जानकारी तथा भर्नाका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. ०५७-५२०४२०
९८५५०७०५३५, ९८४५५५९५०८
भूटनदेवी माध्यमिक विद्यालय- शिक्षा, अनुशासन र सफलताको पहिचान ।

सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं
☞ राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
☞ झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
☞ घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
☞ खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
☞ प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
☞ सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
☞ अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।
☞ समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक घडेरी बिक्रीमा
हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"
तपाईंको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?
कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?
याद गर्नुहोस् है
हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।
- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,
साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईंको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।
छत/भूमिगत पानी ट्यांकी सफाई सेवा
थप जानकारीको लागि
इनर्जेटिक सर्भिसिज प्रा.लि.
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना